REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 13.06.2025

- PM Gujarat Visit

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान गुजरातको अहमदाबाद सिविल अस्पताल पुगेर एयर इण्डिया विमान दुर्घटनाका घाइतेहरूसित भेट गर्नुभयो। प्रधानमन्त्रीले एउटा सोशल मिडिया पोस्टमा भन्नुभएको छ, अहमदाबादमा भएको हवाई घटनाबाट सारा देश स्तब्ध छ। उहाँले भन्नुभयो, हृदय विदारक तरिकाले अचानक यतिजनाको मृत्यु धेरै दुखद छ। उहाँले शोक सन्तप्त परिवारप्रति संवेदना व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीले दुर्घटनामा बाँचेका एकमात्र यात्री भारतीय मूलका ब्रिटिश नागरिक विश्वास कुमार रमेशसित अस्पताल गएर भेट गर्नुभयो। विश्वासले दुर्घटनासित जोडिएको अनुभव प्रधानमन्त्रीसित साझा गर्दै भने।

श्री मोदीले दुर्घटना स्थलको पनि भ्रमण गर्दै त्यहाँ बचाउ कार्यमा जुटेका अधिकारी र अन्यसित भेट गरी स्थितिको जायजा लिनुभयो। पछि प्रधानमन्त्रीले अहमदाबादमा अधिकारीहरूसित समीक्षा बैठक गर्नुभयो।

यसैक्रममा, प्रधानमन्त्री श्री मोदीले गुजरातका पूर्व मुख्यमन्त्री विजय रुपाणीको निधनमा शोक व्यक्त गर्नुभयो। हिजो भएको विमान दुर्घटनामा उहाँको मृत्यु भयो। सोशल मिडिया पोस्टमा श्री मोदीले विजय रूपाणीसित आफूले चुनौतीपूर्ण समयमा काँधमा काँध मिलाएर काम गरेको बताउनुभएको छ। प्रधानमन्त्रीले भन्नुभयो, श्री रूपाणी विनम्र तथा मेहनती हुनका साथै पार्टीको विचारधारा प्रति पूर्ण रूपमा समर्पित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- <u>CEO STDC visited Sherathang</u>

सिक्किम पर्यटन विकास निगमका प्रधान निदेशक एवं मुख्य कार्यकारी अधिकारीले आगामी कैलाश मानसरोवर यात्रालाई लिएर आज सत्र माइल सेरेथाङस्थित अनुकूलन केन्द्र र नथुलास्थित अध्यागमन कार्यालयको अन्तिम निरक्षण गर्नुभयो।

यस अवसरमा उहाँको साथमा विभिन्न विभागका अधिकारी, सहायक गुप्तचर ब्यूरो, राष्ट्रिय आपदा प्रतिक्रिया बल र भारत-तिब्बत सीमा पुलिस बलका अधिकारीहरू थिए।

सुगम यात्राका निम्ति सबै अनुकुलन केन्द्रहरू तयार रहेका छन् भने यी केन्द्रहरूमा निगमका कर्मचारीहरूसहित आवश्यक सामग्री उपलब्ध गराइएको छ।

-------------------------------------X-------------------------------------

- <u>Survey for Displaced Households</u>

मंगन जिल्लाअन्तर्गत चुङथाङका महकुमा अधिकारी अरूण छेत्रीको नेतृत्वमा रहेको एउटा टोलीले आज टुङ-नागा ग्राम पञ्चायतका विस्थापित घरपरिवारको पुनर्वासका लागि प्रारम्भिक सर्वेक्षण गऱ्यो। यस टोलीमा मंगनका खण्ड विकास अधिकारी कैलाश थापा, जिल्लाका पूर्व अध्यक्ष निम छिरिङ लेप्चा लगायत अन्य थिए।

पुनर्वासका लागि छुट्याइएको स्थानको योजनाकारद्वारा सर्वेक्षण गरेर सीमाङ्कन गरिएपछि पुनर्वाससित सम्बन्धित योजना र नीतिबारे उपस्थित सबैमाझ छलफल गरियो। सर्वसम्मतले लिएको निर्णयअनुसार विज्ञ सर्वेक्षकद्वारा पुनर्वास प्रक्रियाको अघिल्लो चरणमा स्थानको विस्तृत रूपरेखा र स्थलाकृतिक सर्वेक्षण गरिनेछ। टोलीले प्रारम्भिक सर्वेक्षणको परिणामबारे जिल्लाधीशलाई अवगत गराएको छ।

-------------------------------------X-------------------------------------

- <u>Meeting on DA-JGUA</u>

मंगनका जिल्लाधीशको च्याम्बरमा आज धर्ती आबा जन जातीय ग्राम उत्कर्ष अभियानको जिल्ला स्तरीय समितिको बैठक बस्यो। समितिका अध्यक्ष पनि रहेका जिल्लाधीश अनन्त जैनको अध्यक्षतामा बसेको बैठक यस अभियानअन्तर्गतका योजनाको प्रगति र कार्यान्वयन रणनीतिको समीक्षामाथि केन्द्रित रह्यो, जसको लक्ष्य जिल्लाका जनजाति ग्राम समुदायको समग्र विकास र कल्याण गर्नु हो।

समितिले अन्तर विभागीय समन्वयबारे छलफल गर्दै योजनाको उद्देश्यलाई प्रभावकारी र समयमै कार्यान्वयन सुनिश्चित गर्न भावी कार्य योजनाको रूपरेखा प्रस्तुत गऱ्यो। यस अभियानमा प्रमुख सेवा जस्तै आधार, रासन कार्ड, स्वास्थ्य कार्ड, पेन्सन, ब्याङ्क खाता र कल्याणकारी योजनाहरू समावेश छन्।

यसैक्रममा, श्री अनन्त जैनले दिव्याङ्गजनहरूका लागि पहुँचयोग्य र समावेशी निर्वाचन प्रक्रिया सुनिश्चित गर्न अपनाइएका उपायहरूको निगरानी र मूल्यांकन गर्न बसेको बैठकको अध्यक्षता गर्नुभयो।

पहुँचयोग्य निर्वाचनका लागि जिल्ला निगरानी समितिद्वारा आयोजित बैठकको मुख्य उद्देश्य जिल्लामा दिव्याङ्गजनहरूको नाम दर्ता विषयमाथि सम्बोधन गर्नका साथै त्यसपछिका आवश्यक कार्यवाहीहरूबारे छलफल गर्नु रहेको थियो।

जिल्लाधीशले दिव्याङ्गजनको नाम दर्ता र जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य विभाग र डेस्मी लगायत सम्बन्धित अन्य विभागहरूसँग समन्वय गरी विशेष शिविर वा अभियान सञ्चालन गर्न आवश्यक रहेने सुझाउ राख्नुभयो।

---------------------------------------X--------------------------------------

- Public Relations Program

पर्यावरण, मानसिक स्वास्थ्य र शारीरिक स्वास्थ्यबारे जागरूकता फैलाउने क्रममा भारत सरकारको केन्द्रिय सञ्चार कार्यालय (CBC)-ले पत्र सूचना कार्यालय (PIB), गान्तोकसितको सहयोगमा आज पाकिम जिल्लाअन्तर्गत सेतीपुल ICDS केन्द्रमा विशेष जनसम्पर्क कार्यक्रम आयोजन गऱ्यो। विकसित भारत@2047 विषय रहेको कार्यक्रम पोषण अभियान, नशामुक्त भारत तथा अन्तरराष्ट्रिय योग दिवस जस्ता विशेष पहलमाथि केन्द्रित रह्यो। कार्यक्रमको उद्देश्य यी महत्त्वपूर्ण विषयमा स्थानीय समुदायलाई संलग्न गराउँदै जागरूकता फैलाउनु हो।

---------------------------------------X--------------------------------------

- <u>School Building Inauguration</u>

सिक्किम विधानसभाकी उपाध्यक्ष राजकुमारी थापाले आज नाम्ची जिल्लास्थित गाङला सरकारी प्रथमिक विद्यालयको नवनिर्मित चार कोठे विद्यालय भवनको उदघाटन गर्नुभयो। यस अवसरमा अन्य बाहेक राभाङला महकुमा अधिकारी वाङ्गेल शेर्पा र खण्ड विकास अधिकारी DP दाहालको उपस्थिति थियो।

--------------------------------------X--------------------------------------